स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

गायक तथा पफर्मर दुर्गेश थापालाई अर्का गायक आनन्द कार्कीले जवाफ दिएका छन्। आनन्द कार्कीले दुर्गेशले आफूलाई गीत गाएको पारिश्रमिक नदिएको आरोप लगाएका थिए। कार्कीको उक्त आरोपपछि दुर्गेशले सम्झौतापत्र सार्वजनिक गरिदिएका थिए। उक्त सम्झौतापत्रमा कार्कीले दुर्गेशबाट आफूले लिने पारिश्रमिक लिइसकेको भन्ने उल्लेख छ, जसमा कार्कीको हस्ताक्षर छ। दुर्गेशले सम्झौतापत्र सार्वजनिक गरिदिएपछि आज कार्कीले उनलाई जवाफ दिएका हुन्।

आजको विचार...

पदम न्यौपाने

तानसेन... (दुई पेजमा)

कुनै सिनेमाले बक्सअफिसमा उत्साहजनक व्यापार गर्छन् त कुनै अपेक्षाअनुसार चल्दैनन्। अभिनेता दयाहाङ राईका लागि पछिल्लो समय व्यावसायिक रुपमा सुखद् थिएन। उनका एकपछि अर्को सिनेमा प्रदर्शनमा आए पनि अपेक्षित व्यापार गर्न सकेका थिएनन्। यतिबेला भने दयाहाङले लगातार दुई सफल सिनेमा दिएका छन्। पछिल्ला दुई सिनेमा "पेन्सन पट्टा" र "कबड्डी ५:आफ्टर द फाइनल म्याच"ले उनका फिल्मको व्यावसायिक असफलताको शृंखला तोडेका हुन्।

❒ वर्ष ३२ ❒ अंक ९८ ❒ २०८३ कार्तिक १४ गते शनिबार 31 October 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

रुसी ड्रोन आक्रमणमा १४ जनाको मृत्यु

एजेन्सी

युक्रेन, कार्तिक १३/मध्य युक्रेनको डिनिप्रो सहरस्थित मुख्य रेल्वे स्टेसनमा बिहीबार बिहान रुसी ड्रोन आक्रमण हुँदा कम्तीमा १४ जनाको मृत्यु भएको छ । रेल चढ्न प्रतीक्षारत यात्रुहरूलाई लक्षित गरी भएको आक्रमणमा अन्य १० जना घाइते भएका छन् । युक्रेनी अधिकारीहरूका अनुसार बिहीबार देशका विभिन्न स्थानमा भएका रुसी आक्रमणमा कम्तीमा १९ जनाको ज्यान गएको छ । उत्तरी सहर चेर्निहिभमा मारिनेमा १५ वर्षका दुई किशोरी पनि छन् । त्यस्तै, पोल्टाभा क्षेत्रमा आवासीय भवनमाथि भएको ड्रोन आक्रमणमा तीन जनाको मृत्यु भएको छ । डिनिप्रोको घटनास्थलका दृश्यमा रेल्वे प्लेटफर्ममा घाइते र मृतकहरू छरिएको देखिएको छ । घाइतेलाई उपचारका लागि लगिएको अस्पतालका प्रमुखका अनुसार उनीहरूमध्ये धेरैलाई छर्राले लागेको छ भने चार जनाको आकस्मिक शल्यक्रिया गरिएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले आक्रमणलाई सर्वसाधारणमाथि गरिएको सुनियोजित हमला भन्दै रुसमाथि थप दबाब सिर्जना गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन् ।

गुल्मीका गाउँमा मौलिक स्वाद र संस्कृतिको संगम होमस्टेमा बढ्दै पर्यटकको आकर्षण

राष्ट्रिय समाचार समिति (रासस)

गुल्मी, कार्तिक १३/ स्थानीय परिकारको मौलिक स्वादसँगै गाउँको रहनसहन र परम्परागत कला-संस्कृतिको अनुभव लिन पछिल्लो समय गुल्मीका ग्रामीण बस्तीमा पर्यटकको आकर्षण बढ्न थालेको छ । स्थानीय उत्पादनबाट तयार पारिएका खानाका परिकारलाई पाहुनाको आतिथ्यतासँग जोड्दै जिल्लाका विभिन्न पालिकामा सञ्चालित घरबास 'होमस्टे'ले ग्रामीण पर्यटनको आकर्षण बढाउन थालेका छन् ।

स्थानीय जातको दालको बटुक, कोदोको सेलरोटी, सिस्नु, रैथाने जातका विभिन्न मासुका परिकार, भुटेको मकै, टिमुरको छोप, बाँकोको गुन्द्रुक, मोहि तथा विभिन्न 'अर्ग्यानिक' तरकारीका परिकार होमस्टेका प्रमुख आकर्षण बनेका छन् । पाहुनालाई स्थानीय उत्पादनको स्वाद चखाउने र गाउँको मौलिक जीवनशैलीसँग परिचित गराउने भएकाले होमस्टेमा पर्यटकको आवतजावत बढ्दै गएको हो । पछिल्लो

समय जिल्लामा नियमित सञ्चालनमा रहेका सत्यवती गाउँपालिका-८ स्थित भार्सेको 'रानीवन सामुदायिक होमस्टे', कालिगण्डकी गाउँपालिका-७ भुर्तुङ्मा रहेको 'धुवाँखोला होमस्टे' र रेसुङ्गा नगरपालिका-१३ स्थित भँगारीमा रहेको रेसुङ्गा होमस्टे' मा जाने पर्यटकको संख्या उल्लेख्य रहेको पाइएको छ । सत्यवती-८ भार्सेको रानीवन सामुदायिक होमस्टे विगत आठ वर्षदेखि निरन्तर सञ्चालनमा छ । १४ महिला र तीन पुरुष आबद्ध रहेको त्यस होमस्टेमा ५० जनासम्म पाहुना राख्न सक्ने क्षमता रहेको सञ्चालक सुजन गलामीले बताए । अर्ग्यानिक स्थानीय खानाका परिकारका साथ आवास र सांस्कृतिक मनोरञ्जनसहितको आतिथ्य प्रदान गर्ने उक्त होमस्टेमा हिउँदमा दैनिक ३५ देखि ४५ जनासम्म पर्यटक आउने गरेका पाइएको छ । रानीवन होमस्टेमा स्थानीय ठाडो भाका, चुड्का, सालैजो, सोरठी, कृष्ण चरित्र र पञ्चेबाजाका साथै स्थानीय खानाका परिकार पाहुनाको मुख्य रोजाइमा पर्दै आएको छ । त्यसैगरी, कालीगण्डकी गाउँपालिकाको भुर्तुङ्स्थित धुवाँखोला सामुदायिक होमस्टेमा पनि स्थानीय रैथाने खानाका परिकारका साथै परम्परागत सांस्कृतिक प्रस्तुतिले पर्यटकलाई आकर्षित गरिरहेको छ । स्थानीय समुदायको सक्रियतामा सञ्चालनमा ल्याइएको उक्त होमस्टेमा नियमित पाँच जना महिला आबद्ध छन् । उक्त होमस्टेमा २० जनासम्म पाहुना राख्न सक्ने क्षमता रहेको व्यवस्थापक आशिष गुरुङले जानकारी दिए । होमस्टेमा रैथाने खानासँगै झाँम्रे, सालैजो, ठाडो भाका, सोरठी र घाटुलगायत सांस्कृतिक प्रस्तुति पनि देखाउने गरिएको सञ्चालक दिलमाया गुरुङले बताइन् ।

-बाँकी अन्तिम पेजमा...

स्वच्छ शहरः स्वस्थ शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- ध्वनी र वायु प्रदुषण कम गरौं,
- समय समयमा सवारी साधनको मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- सार्वजनिक स्थलका बोटविरुवाहरुको संरक्षण गरौं,
- सडकको नियमित मर्मत गरौं,
- सडकमा निर्माण सामग्री नराखौं ।

शहरलाई सफा राखौंः सुन्दर बनाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

छुट्टाछुट्टै सवारी दुर्घटनामा चार जनाको मृत्यु

पाल्पा, कार्तिक १३/ देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी चार जनाको ज्यान गएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गुल्मी, रुपन्देही र तनहुँमा भएका छुट्टाछुट्टै दुर्घटनामा परी चार जनाको मृत्यु भएको हो ।

गुल्मीको इस्मा गाउँपालिका-६ आपलायस्थित सडकमा ट्याक्टरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । जैथुमबाट कुखुरेतर्फ जाँदै गरेको लु.२ त ६१९४ नम्बरको ट्याक्टरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने मान बहादुर खत्रीको छोरा १२ वर्षीय कुन्जन खत्रीको बिहीबार साँझ घटनास्थलमै मृत्यु भएको हो । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै रूपन्देहीको देवदह नगरपालिका-६ मिलन चोकस्थित सडकमा पनि गाडीको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । बुटवलबाट नवलपरासीतर्फ जाँदै गरेको हाल नम्बर नखुलेको सवारी साधनको ठक्करबाट पैदलयात्री सोही

नगरपालिका-७ खैरेनी बस्ने ८२ वर्षीय बुद्धि प्रसाद पोखरेलको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका उनको देवदह मेडिकल कलेज भलुहीमा उपचारको क्रममा मृत्यु भएको हो । प्रहरीले हाल फरार सवारी साधन र चालकको खोजी गरिरहेको छ । यसैगरी रूपन्देहीकै बुटवल उपमहानगरपालिका-५ पुष्पलालपार्कस्थित सडकमा गाडी र मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । लु.१ क १६२९ नम्बरको गाडी र लु. ११ प ४२३१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही उपमहानगरपालिका-१४ कृष्णगंज बस्ने ३३ वर्षीय मिलन न्यौपानेको मृत्यु भएको हो ।

-बाँकी अनितम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

सम्पादकीय

शहरीकरण दिवसको सार्थकता

हरेक वर्ष अक्टोबर ३१ मा विश्व शहरीकरण दिवस मनाइन्छ । सहरीकरणका अवसर र चुनौतीबारे विश्वव्यापी चेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । तीव्र गतिमा बढिरहेको सहरीकरणले मानव जीवनलाई सहज बनाउने अनेकौं सम्भावना सिर्जना गरेको छ । तर, योजनाविहीन सहरीकरणले निम्त्याएका समस्या पनि उत्तिकै गम्भीर बन्दै गएका छन् । त्यसैले विश्व शहरीकरण दिवस केवल औपचारिक रूपमा मनाउने दिन मात्र नभई हाम्रा सहर कस्ता बनिरहेका छन् र भविष्यमा कस्ता बनाउने भन्ने विषायमा गम्भीर समीक्षा गर्ने अवसर पनि हो ।

पछिल्लो समय नेपालमा पनि शहरीकरणको प्रभाव र परिणाम तीव्ररूपमा देखिन थालेका छन् । २००७ को परिवर्तनपछि शहरीकरणले आकार लिएको भएपनि पछिल्ला दशकमा यसले तीव्रगति लिएको छ । शहरमा मानिसको आर्कषण बढी देखिन्छ । सरकारी तथ्याङ्क अनुसार शिक्षा, रोजगारी, सुविधा र सरल जीवनको खोजिमा लाखौं नेपाली गाउँबाट शहर भित्रने गरेका छन् । उचित व्यवस्थापन, असल नीति र परिवर्तनशील योजनाहरु नहुँदा यसले शहरी भेगमा वतावरणीय असर र अब्यवस्थित बसोवास फैलन थालेको छ । ग्रामीण परिवेशबाट बाहिर निस्की रहेको विश्वले अब भने गम्भीर भएर सोच्नै पर्ने भएको छ । कार्वन उत्सर्जनले विकराल रुप लिइ रहेको समयमा जलवायु परिवर्तनका साथै जीव चक्रमा पनि नकरात्मक असर पर्दै गएको छ । ग्रामीण परिवेशहरु एकादेशको कथा जस्तै बन्न थालेको वर्तमान अवस्थामा अव्यवस्थित शहरीकरणले पनि निकै नै समस्या सिर्जना गरे कै छ । नेपालको सहरीकरणको एउटा प्रमुख समस्या योजनाविहीन विकास हो । सहर विस्तार भइरहेका छन्, तर त्यसअनुसार पूर्वाधार र सेवा सुविधाको विकास हुन सकेको छैन । खेतीयोग्य जमिन मासिँदै गएको छ । नदी तथा खोलाका किनार अतिक्रमणमा परेका छन् । सार्वजनिक जग्गा र खुला क्षेत्र हराउँदै गएका छन् । अव्यवस्थित सडक विस्तार, फोहोरमैला व्यवस्थापनको कमजोरी, वायु प्रदूषण र वर्षायाममा हुने डुबानले सहरी जीवनलाई चुनौतीपूर्ण बनाइरहेका छन्। विकासका नाममा प्रकृति र वातावरणलाई बेवास्ता गर्ने प्रवृत्ति अन्ततः मानव जीवनकै लागि घातक बन्न सक्छ । नेपालका सहरलाई बस्नयोग्य, सुरक्षित, स्वच्छ, समावेशी र आर्थिक रूपमा सबल बनाउने दायित्व सरकारको मात्र होइन, निजी क्षेत्र, नागरिक समाज र आम नागरिकको पनि हो । तसर्थ दिवसका अवसरमा अव्यवस्थित सहरीकरणलाई नियमन गर्ने, दीर्घकालीन योजना कार्यान्वयन गर्ने र वातावरणमैत्री विकासलाई प्राथमिकता दिने प्रतिबद्धता आवश्यक छ । आजको आवश्यकता सहर विस्तार गर्नु मात्र होइन, व्यवस्थित सहर निर्माण गर्नु हो । सहर सबैका लागि हो भन्ने मान्यतालाई व्यवहारमा उतार्दै समावेशी, दिगो र मानवमैत्री सहरी विकासको बाटोमा अघि बढ्नु नै दिवसको सार्थकता हुनेछ ।

Opinion @ Social Network

कहिलेकाहीँ एति गार्हो हुन्छ कि लाग्छ,
जिन्दगि नै सकिदिउ फेरि मलाई नै आफ्नो सन्सार सम्झिने घर सम्झन्छु।
(रुपा झर्गाको फेसबुक स्टाटसबाट www.facebook.com/Rupa.Jharga)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

तानसेन पर्यटन नीति : समुन्नत तानसेन निर्माणको आधार

पदम न्यौपाने

एउटा भनाइ छ (तिमिले तिमिलाई कस्तो बनाउने तिमिमै निर्भर रहन्छ । तर एउटा तितो सत्य के हो भने तिमिले जे गरेउ या गरें भन्छौ नी त्यो तानसेनलाई पढेर, जानेर र चिनेर गरेनौ । इतिहास, सम्पदा र संस्कृतिले सम्पन्न तानसेनले पनि यही भनाइ जस्तै यथार्थ बोकेर बसेको बर्षौं भयो । यही पृष्ठभूमिमा बडो कठीन मेहनत पश्चात तानसेन नगरपालिकाद्धारा झण्डै एक वर्ष अगाडि गठन गरेको तानसेन पर्यटन वोर्डद्धारा तानसेन पर्यटन नीति तयार गरेको छ । तानसेन नगर क्षेत्रको सम्भावना र कार्यान्वयनको मार्गचित्र सहितको पर्यटन नीतिले इतिहास, सम्पदा, संस्कृति र प्रकृतिलाई आर्थिक समृद्धि एवं समुन्नतीसँग जोड्ने दूरदर्शी अभियानलाइ समावेश गरेको छ ।

१. सम्भावनाको शहर, परिणामको प्रतीक्षा

नेपालको इतिहास, संस्कृति, प्रकृति र सभ्यताको विशिष्ट पहिचान बोकेको तानसेन केवल पाल्पा जिल्लाको सदरमुकाम मात्र होइन, यो नेपालको पुरानो सहरी सभ्यता, मध्ययुगीन बजार संरचना, ऐतिहासिक सम्पदा र जीवन्त सांस्कृतिक परम्पराको प्रतिनिधित्व गर्ने एउटा विशिष्ट नगर हो भन्ने स्विकार गर्दै सेनकालीन इतिहासदेखि राणाकालीन संरचनासम्म, नेवारी वास्तुकलादेखि मगर संस्कृति र परम्परासम्म, ढाका र करुवाको हस्तकलादेखि रानीमहलको प्रेमकथासम्म तानसेनसँग पर्यटकलाई आकर्षित गर्न सक्ने असाधारण सम्पत्तिको संरक्षण, सम्वर्द्धन र व्यवस्थित उपयोगमा जोड दिएको छ । यसले एउटा गम्भीर प्रश्न खडागरेको छ र विश्लेषण गर्दै भनेको छ - यति धेरै सम्भावना भएको तानसेनले पर्यटनबाट अपेक्षित आर्थिक तथा सामाजिक लाभ किन लिन सकेको छैन ? पर्यटनको सम्भावना हुनु र पर्यटन उद्योगको विकास हुनु दुई फरक कुरा हुन् । सम्भावना भौतिक, अभौतिक र प्राकृतिक रूपमा प्राप्त हुन्छ, तर त्यसलाई आर्थिक अवसरमा रूपान्तरण गर्न स्पष्ट दृष्टिकोण, नीति, योजना, लगानी, संस्थागत संरचना र निरन्तर कार्यान्वयन आवश्यक हुन्छ । तानसेनको पर्यटन विकासमा विगतमा विभिन्न सरकारी निकाय, निजी क्षेत्र र सामाजिक संघसंस्थाले प्रयास गर्दै आए पनि ती प्रयासहरू पर्याप्त रूपमा एकीकृत, योजनाबद्ध र परिणाममुखी हुन नसकेको अवस्था छ । पर्यटकको आगमन, बसाई अवधि, खर्च गर्ने क्षमता, स्थानीय अर्थतन्त्रमा परेको प्रभाव तथा पर्यटन व्यवसायको वास्तविक योगदानको व्यवस्थित अभिलेखसमेत कमजोर रहेको नीतिले स्वीकार गरेको छ । त्यसैले पर्यटनलाई आकस्मिक गतिविधि होइन, योजनाबद्ध आर्थिक विकासको आधार बनाउने सोच आवश्यक भएको स्पष्ट पारेको छ । यसै सन्दर्भमा तयार गरिएको तानसेन पर्यटन नीति एउटा सामान्य पर्यटन प्रवर्द्धन दस्तावेज मात्र होइन । यो तानसेनको ऐतिहासिक पहिचान, सांस्कृतिक मौलिकता, प्राकृतिक सम्पदा, स्थानीय उत्पादन र जनशक्तिलाई एकीकृत गरी समृद्ध पाल्पा निर्माण गर्ने दीर्घकालीन विकास दृष्टिकोण पनि हो ।

२. तानसेन पर्यटन नीतिको दूरदृष्टि : सांस्कृतिक पर्यटकीय नगरी तानसेन

नीतिले आफ्नो दूरदृष्टि स्पष्ट रूपमा प्रस्तुत गरेको छ-"समुन्नत र समृद्ध पाल्पा : सांस्कृतिक पर्यटकीय नगरी तानसेन ।" यससँग जोडिएको अर्को मूल भावना हो- "हाम्रो पाल्पा : समुन्नत पाल्पा ।" यसको अर्थ पर्यटनलाई केवल पर्यटक भित्राउने माध्यमका रूपमा सीमित नगरी समग्र सामाजिक तथा आर्थिक रूपान्तरणको साधन बनाउनु हो । नीतिको ध्येय पाल्पालाई पर्यटकको रोजाइ बनाउने र तानसेनलाई आकर्षक, जीवन्त, अनुभव प्रदान गर्ने, सुरक्षित तथा दिगो पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने रहेको छ । यसका लागि नीतिले दशवटा प्रमुख उद्देश्य अगाडि सारेको छ । तीमध्ये तानसेनलाई मौलिक सांस्कृतिक शहरका रूपमा ब्रान्डिङ गर्ने, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटनलाई जोड्ने, ढाका तथा करुवालाई अन्तर्राष्ट्रिय ब्रान्ड बनाउने, युवा, परिवार र पदयात्रामैत्री शहर बनाउने, पर्यटकको संख्या वृद्धि गर्ने र पर्यटनबाट रोजगारी तथा उद्यमशीलता विकास गर्ने उद्देश्य विशेष महत्वका छन् । त्यसैगरी तानसेनलाई Living Cultural Heritage City का रूपमा स्थापित गर्ने तथा पर्यटनको माध्यमबाट स्थानीय उत्पादन, सेवा र संस्कृतिको संरक्षण गर्ने लक्ष्यसमेत राखिएको छ । यो दृष्टिकोणले एउटा महत्वपूर्ण सन्देश दिन्छ- तानसेनको विकासका लागि नयाँ पहिचान खोज्नुपर्दैन, आफ्नै मौलिक पहिचानलाई व्यवस्थित रूपमा संरक्षण, विकास र विश्व बजारमा स्थापित गर्नुपर्छ ।

३. सम्पदा संरक्षण : पर्यटन विकासको पहिलो आधार

तानसेनको सबैभन्दा ठूलो सम्पत्ति यसको ऐतिहासिक तथा सांस्कृतिक सम्पदा हो । यहाँको पुरानो बजार, परम्परागत घरहरू, मठमन्दिर, चैत्य, विहार, दरबार, टोल र गल्लीहरू केवल भौतिक संरचना मात्र होइनन् । यी संरचनाले विगतको सामाजिक जीवन, आर्थिक गतिविधि, कला, वास्तुकला र सभ्यताको इतिहास बोकेका छन् । तानसेनको मध्ययुगीन बजार संरचना यसको विशेष पहिचान हो । सेनकालीन तथा राणाकालीन वास्तुकला, नेवारी शैलीका घरहरू र परम्परागत सहरी संरचनालाई संरक्षण गर्दै तानसेनलाई मौलिक सांस्कृतिक शहरका रूपमा विकास गर्न सकिन्छ । नीतिले तानसेनको ऐतिहासिक बजार संरचनालाई विश्व सम्पदा शहरका रूपमा पहिचान गराउने पहल गर्ने विषयलाई महत्व दिएको छ । यसका लागि विगतका अध्ययन प्रतिवेदनको उपयोग, सम्पदायुक्त निजी घरहरूको अभिलेखीकरण, संरक्षण र मौलिक स्वरूप कायम राख्न घरधनीलाई प्रोत्साहन गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । पाल्पा दरबार, रानीमहल, सत्येश्वर महादेव मन्दिर, रणउजिरेश्वरी भगवती मन्दिर, अर्गली दरबार, अमरनारायण मन्दिर, मणमुकुन्देश्वर महादेव र बंशगोपाल , भीमसेन मन्दिर, शीतलपाटी, बारुदखाना र टक्सारजस्ता सम्पदाको संरक्षण तथा उचित व्यवस्थापनलाई पर्यटन विकाससँग जोड्ने नीति छ । यसका अतिरिक्त नेवार, मगर, बोटे तथा अन्य समुदायको संस्कृति झल्काउने संग्रहालय, लोकबाजा र लोकभाखाको संरक्षण तथा सम्पदा शिक्षालाई विद्यालय तहसम्म पुऱ्याउने सोच पनि नीतिमा समेटिएको छ । यसबाट एउटा महत्वपूर्ण अवधारणा स्थापित हुन्छ- सम्पदा संरक्षण भनेको पुराना घर र मन्दिर जोगाउनु मात्र होइन, तीसँग जोडिएको जीवनशैली, संस्कृति, सीप, भाषा, परम्परा र सामुदायिक पहिचान जोगाउनु पनि हो । तानसेनको पुरानो बजारलाई संग्रहालयजस्तो निर्जीव बनाउनु हुँदैन । त्यहाँका घरमा मानिस बसून्, व्यापार चलोस्, परम्परागत सीप जीवित रहून् र पर्यटकले स्थानीय जीवनको वास्तविक अनुभव गर्न पाऊन् । यही नै Living Cultural Heritage City को वास्तविक अर्थ हो भनेको छ ।

४. पर्यटनका विविध आयाम : तानसेनलाई बहुआयामिक गन्तव्य बनाउने

पर्यटनलाई एउटा मात्र क्षेत्रसँग जोडेर विकास गर्न सकिँदैन । तानसेन पर्यटन नीतिको अर्को महत्वपूर्ण पक्ष भनेको पर्यटनका विभिन्न विधालाई एकीकृत रूपमा विकास गर्ने अवधारणा हो पनि ।

क. सांस्कृतिक तथा सम्पदा पर्यटन

तानसेनको पुरानो बजार, दरबार, मठमन्दिर, परम्परागत घर, जात्रा, पर्व, स्थानीय खाना, हस्तकला र सांस्कृतिक जीवनलाई पर्यटकीय अनुभवका रूपमा विकास गर्न सकिन्छ र ढाका र करुवा केवल स्थानीय उत्पादन होइनन्, तानसेनको पहिचान हुन् । तिनको उत्पादन, प्रदर्शन, बिक्री, ब्रान्डिङ र अन्तर्राष्ट्रिय बजार विस्तारका लागि विशेष कार्यक्रम आवश्यक भएको औंल्याइएको छ ।

ख. धार्मिक तथा आध्यात्मिक पर्यटन

पाल्पा धार्मिक तथा आध्यात्मिक पर्यटनका दृष्टिले पनि महत्वपूर्ण क्षेत्र हो । रुरुक्षेत्र, रानीघाट, भैरवस्थान, सिद्धबाबा, सत्यवती, ऋषिकेशव मन्दिर, स्वामीनारायण आस्था लगायत क्षेत्रलाई धार्मिक तथा आध्यात्मिक पर्यटनसँग जोड्न सकिन्छ । नीतिले रुरुक्षेत्रलाई मुक्तिदायिनी पवित्र क्षेत्रका रूपमा प्रवर्द्धन गर्ने, शालिग्राम संग्रहालय स्थापना गर्ने सम्भावना खोज्ने, रुरुक्षेत्रमा धार्मिक मेला तथा कुम्भ र अर्धकुम्भको सम्भाव्यता अध्ययन गर्ने र रानीघाटलाई उत्तरवाहिनी मोक्षधामका रूपमा विकास गर्ने अवधारणा पनि अघि सारेको छ । त्यसैगरी योग, ध्यान, आरोग्य तथा बौद्ध पर्यटनलाई समेत प्राथमिकता दिइएको छ ।

ग. पर्यापर्यटन तथा प्रकृति पर्यटन

तानसेनको प्राकृतिक सौन्दर्य पर्यटनको अर्को ठूलो आधार हो । श्रीनगर वन, विभिन्न सामुदायिक वन, जैविक विविधता भएका क्षेत्र र सिमसारलाई पर्यापर्यटनसँग जोड्न सकिन्छ । इको रिसोर्ट, होमस्टे, बर्ड वाचिङ, जडीबुटी उद्यान, वनस्पति उद्यान तथा प्रकृतिमा आधारित पर्यटन गतिविधि सञ्चालन गर्ने नीतिमा छ । विशेषगरी श्रीनगर वनलाई व्यवस्थित, वैज्ञानिक र वातावरणमैत्री ढङ्गले विकास गर्न सकिएमा तानसेनको पर्यटन पहिचान अझ फराकिलो बन्न सक्छ नीतिले भनेको छ ।

घ. शिक्षा, स्वास्थ्य तथा कृषि पर्यटन

तानसेनको पर्यटन विकासलाई शिक्षा, स्वास्थ्य र कृषिसँग जोड्ने अवधारणा नीतिको नवीन पक्ष हो । त्रिभुवन बहुमुखी क्याम्पस तथा अन्य शैक्षिक संस्थालाई पर्यटन अध्ययन र अनुसन्धानसँग जोड्ने, अन्तर्राष्ट्रिय शैक्षिक कार्यक्रम सञ्चालनका सम्भावना खोज्ने तथा स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गरी छिमेकी जिल्ला र भारतीय नागरिकसमेत आकर्षित गर्ने सोच अघि सारिएको छ । त्यसैगरी माडीफाँट र अर्गलीफाँटको कृषि उत्पादनलाई नमुना कृषि पर्यटनका रूपमा विकास गर्ने, अदुवा खेती, मौरीपालन, बाख्रापालन, ढाका उद्योग तथा ढलौट उद्योगलाई सिकाइ र अवलोकनका केन्द्र बनाउने प्रस्ताव गरिएको छ । यसले पर्यटनलाई होटल र रेस्टुरेन्टको व्यवसायभन्दा धेरै फराकिलो बनाउँछ । किसान, विद्यार्थी, शिक्षक, उद्यमी, स्वास्थ्यकर्मी र स्थानीय उत्पादकसमेत पर्यटन अर्थतन्त्रका सहभागी बन्न सक्छन् ।

ङ. खेल तथा साहसिक पर्यटन

तानसेनको भौगोलिक अवस्था र हावापानीलाई खेल पर्यटनसँग जोड्न सकिन्छ । नीतिले टुँडिखेलको अधिकतम उपयोग, नियमित राष्ट्रिय खेल प्रतियोगिता, कुनसरेको प्रस्तावित खेल मैदान र रानीमहल क्षेत्रमा बीच भलिबलको सम्भावना अघि सारेको छ । त्यसैगरी प्याराग्लाइडिङ, रक क्लाइम्बिङ, माउन्टेन बाइकिङ, हाइकिङ, राफ्टिङ, क्यानोनिङलगायत साहसिक पर्यटन गतिविधिको सम्भाव्यता अध्ययन गरी निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति छ ।

५. पूर्वाधार र पहुँच : पर्यटकलाई तान्ने मात्र होइन, टिकाउने व्यवस्था

पर्यटन विकासको महत्वपूर्ण आधार पहुँच र पूर्वाधार हो । तानसेनको भौगोलिक अवस्थिति आफैंमा रणनीतिक छ ।

-बाँकी तीन पेजमा...

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : काम टुंग्याउन पहल महत्त्वपूर्ण हुनेछ। धेरै काम एकैपटक नगर्नुहोला।
वृष : पैसामा मौखिक सहमतिमा भर नपर्नु उचित हुन्छ। शरीरमा स्फूर्ति रहनेछ।
मिथुन : समय भन्दा काम पूरा गर्नु राम्रो हुन्छ। मौसमअनुसार कपडा रोज्नुहोला।
कर्कट :कागजपत्र मिलाउन ध्यान दिनुहोला। समय र क्षमताको ख्याल गर्नुहोस्।
सिंह : गल्ती स्वीकारेर सच्याउँदा अरूको भरोसा बढ्नेछ। सानो प्रयास पर्याप्त हुनेछ।
कन्या : जिम्मेवारी पनि पूरा गर्नुहोला। शरीर थाक्न नदिन विश्राम लिनुहोस्।
तुला: कुनै उपयोगी कुरा सिक्न पाइनेछ। रुचिको काममा नयाँ अनुभव मिल्नेछ।
वृश्चिक : छुटेको रकम पत्ता लाग्न सक्छ। आराम गर्ने बानीमा ध्यान दिनुहोस्।
धनु : खर्च समयको व्यवस्था मिलाउनुहोला। काम समयमै सक्नुहोस्।
मकर : कामको प्राथमिकता छुट्याएर अघि बढ्नुहोला। अपमान हुने गरी नबोल्नुहोस्।
कुम्भ: विचार राख्ने अवसर मिल्नेछ। खाली समयमा नयाँ सीपको अभ्यास गर्नुहोस्।
मीन : पुरानो कुरा मिलाउँदा उपयोगी वस्तु भेटिन सक्छ। राति पर्याप्त निद्रा लिनुहोस्।

साहित्य दर्पण

लघुकथा ● ईगम खालिङ

दार्जीलिङको सानो रेल

दार्जीलिङको सानो रेल जब छुकछुक-छुकछुक गर्दे, धुवाँ फ्याक्दै, र कुइनेटै पछि कुकुक-कुकुक गर्दै सिट्ठी बजाउँदै घुम, सोनादा, दिलाराम, हुँदै टुङ आइपुग्छ, तब बिरामी परेर ओछ्यानमैं थलिएकी एस्थरलाई एक प्रकारको अन्तर्बोध हुन थाल्छ । उनको मन अकास्मत अवर्णनीय आनन्दले भरिएर आउँछ । जब रेल सिपाही धुरा आइपुग्छ तब ट्रेनको छुकछुक-छुकछुक आवाज अलिअलि सुनाइदिन्छ । जस्तो रेलले कुकुक-कुकुक गरेर तीनपल्ट सिट्ठी फुक्छ उनी एक्कासि ओछ्यानबाट उठ्छिन् । अतालिँदै ऐनाको छेउमा राखेको रबर-ब्यान्डले कपाल बाँधेर उनी कोठाबाट झटारिँदै निस्कन्छिन् । सिकुवामा राखेका जुत्ता लगाएर उनी उकालो डाँडातिर कुद्न थाल्छिन् । त्यसरी हठात् उठेर हतारिँदै उकालो लागेको देखेर आमा भान्साघरको खिड्कीबाट कराउँछिन्–"एस्थर! त्यसरी नकुद्न ज्वारो काँच्चै बल्झिन्छ । ऐ, भनेको सुन्न है !" तर आमालाई वास्तै नगरी उनी झन् तीव्र गतिमा कुद्न थाल्छिन् । उनी डाँडामा आइपुगेर भुइँमा थ्याँच्च बस्छिन् । भुइँमा घोप्टिएर लामो-लामो सास लिन्छिन् । त्यसपछि अनुहारभरि आएका केशराशीलाई हटाउँदै आँसु पुछी झुरुक्क उठ्छिन् र चारैतिर निहाल्छिन्–पहाडका केही ठाउँहरू बादलबिचबाट छिरेका घामका किरणले सुनौला भएका रहेछन्, पहाड फेदको एउटा खोला चाँदीको खोलासरि बगिरहेको रहेछ, तल राजमार्गको सडकमा गाडीहरू गुडिरहेका छन्, र डाँडामा बतासे हावा चलिरहेको छ । तर उनी खुशीले चिचयाउन सक्दिनन् । पहिले एस्थरले आँखा चिम्म गरेर रेललाई महसुस गर्छिन्, त्यसपछि आफ्ना दुवै हात फैलाएर रेलको धुवाँलाई आलिङ्गनमा लिन्छिन् । जब उनले आँखा खोल्छिन् त्यतिबेला सिपाही धुरा पछाडि छोड्दै अघि बढिरहेको रेललाई देख्छिन् । रेल पनि उनलाई देख्नसाथ खुशीले उत्तेजित हुँदै उनीतिरै आइरहेको जस्तो लाग्छ । जतिपल्ट रेलले कुकुक-कुकुक गर्दै जोरजोरले सिट्ठी फुक्छ त्यतिपल्ट "एस्थर ! एस्थर !" भन्दै आवाज दिएको जस्तो उनलाई भान हुन्छ । धुवाँको गन्ध मसुस हुँदैपछि उनको नयनबाट आँसु तरर बगिरहन्छ । उनले भित्री स्वरमा "तरुण ! मेरो तरुण !" भनेर पुकार्छिन् । त्यसपछि उनले दुवै हातका औँलाहरू मुट्ठी पारेर थरर काम्दै चिच्याइ-चिच्याइ रुन्छिन् । राल-सिँगान हुन्छिन् । उनको अवस्थालाई बोध गरी समय आफै पनि डराएर रोकिँदै-रोकिँदै बिस्तारो बितिरहेको जस्तो लाग्छ । डाँडाका धरती र रुखहरूमा कम्पन आएको जस्तो महसुस हुन्छ । एक क्षण त्यहाँका खोलानाला, फलफूल, झार-जङ्गल, चराचुरुङ्गीदेखि लिएर किरा-फट्याङ्ग्रा सबै स्तब्ध भएका जस्तो आभास हुन्छ ।

-समकालिन साहित्य डटकम

Lumbini Province Government

Ministry of Social Development

Directorate of Education and Social Development

Social Development Division Office, Palpa

INVITATION Bids for Hard Copy

First Date of Publication: 2083/07/14 B.S.(2026/10/31)A.D.

Social Development Division Office, Tansen, Palpa invites bids (hard Copy) for eligible Bidders for Supply,Delivery and Installation of Goods under sealed quotation . All eligible bidders are requested to submit Hard Copy as per instructions within the mentioned period in Bid Documents.

S. No.	Contract ID:	Work Description	Estimate Amounts (Ex. VAT & Contingency)	Bid Security Amount NRs.	Bid Document Amounts NRs.	Bid Vilidity/Bid Security validity period(Days)
1	SDDOP-SQ-GOODS-083/84-01	Supply,Delivery and Installation of ICT Equipments at Devyajyoti Secondary School Mathagadhi -03,Palpa	17,32,141.34	50000	1000	45/75 Days

1. Eligible Bidders may obtain further information & inspection of the bidding document at Social Development Division Office Tansen Municipality-03 Palpa, Email:sddopalpa@gmail.com, Phone Number:075-590020

2. Pre-Bid Meeting shall be held at Social Development Division Office Tansen Municipality-03 Palpa at

3. Sealed bids must be submitted to the Social Development Division Office Tansen Municipality-03 Palpa by hand/curriér on or before (12:00) Noon on, bids received after this deadline will be rejected.

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of Social Development Division Office Palpa TansenMunicipality-03 Lumbini Provision.

6. A complete set of Bidding Documents may be purchased from the office Social Development Division office Tansen, Palpa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as mention in the table below till for SQ Before **2026/11/16 (2083/07/30)** during office hours in the account as specified below.

7. Account Details for Bid Document Fee & Bid Security Deposition

Name of the Bank: Rastriya Banijiya Bank Ltd / **Name of Office:** Social Development Division Office Tansen Palpa

Office Code no. 3500050025 / **Account no.** (revenue)1000100200010000 **/ Rajaswa (revenue) Shirshak no.:** 14229

Account Name: Province Treasury Comptroller Office, Palpa / Bank Name: Rastriya Banijya Bank Ltd.

Bank Address: Palpa / Account Number: 303010020203000

(KHA-2-3:DHARAUTI A/C (PRA.LE.NI.KA)

Bid Puchase Deadline for SQ 2026/11/16 (2083/07/30) during office Time.
Bid Submission Deadline for SQ Before 2026/11/17 (2083/08/01) at 12:00 PM & Bid opening date 2026/11/16(2083/08/01) at 12:30 PM

A. Office Chief

तानसेन पर्यटन नीति : समुन्नत...

...पोखरा र लुम्बिनीबीच रहेको तानसेनले यी दुई प्रमुख पर्यटकीय गन्तव्यबीच आवतजावत गर्ने पर्यटकलाई आकर्षित गर्न सक्छ । तर त्यसका लागि केवल सडकको अवस्थिति पर्याप्त हुँदैन । पर्यटकलाई तानसेनमा रोकिने, घुम्ने र बस्ने कारण दिनुपर्छ । नीतिले डिजिटल नक्सा, क्यूआर कोड सूचना प्रणाली, पदमार्ग, साइनेज, सार्वजनिक शौचालय, पार्किङ, फोहोर संकलन केन्द्र तथा पर्यटक सूचना केन्द्र निर्माणलाई प्राथमिकता दिएको छ । सिद्धार्थ राजमार्गको डुम्रेदेखि लामडाँडासम्ममा एक पर्यटक सूचना केन्द्र स्थापना गर्ने, पाल्पा दरबार परिसरमा कोसेलीघर र सूचना केन्द्र बनाउने तथा नगरका सबै वडामा कम्तीमा एउटा पर्यटन परियोजना सञ्चालन गर्ने अवधारणा यसका महत्वपूर्ण पक्ष हुन् । त्यसैगरी बतासेडाँडा क्षेत्रलाई चौबीसै घण्टा रमाउने स्थल बनाउने, तानसेन चक्रपथ निर्माणको पहल गर्ने र कालिगण्डकी करिडोर तथा जलयात्रालाई पर्यटनसँग जोड्ने सोच पनि समेटिएको छ । यसकालागि आवश्यक कुरा यी योजनालाई प्राथमिकताका आधारमा वर्गीकरण गरी कार्यान्वयन गर्नु हो । पर्यटकका लागि सूचना, यातायात, पार्किङ, स्वच्छ शौचालय, सुरक्षित आवास, पदमार्ग र प्रभावकारी गाइड सेवा आधारभूत आवश्यकता हुन् नीतिमा भनिएको छ ।

६. स्थानीय अर्थतन्त्र र रोजगारी : पर्यटनको लाभ नागरिकसम्म पुग्नुपर्छ ।

पर्यटन विकासको सफलता पर्यटकको संख्या बढ्नुमा मात्र हुँदैन । त्यसबाट स्थानीय नागरिकले कति रोजगारी पाए, स्थानीय उत्पादनको बिक्री कति बढ्यो, होटल तथा व्यवसायको आम्दानी कति वृद्धि भयो र नगरको आर्थिक गतिविधिमा कस्तो परिवर्तन आयो भन्ने विषयले यसको वास्तविक सफलता निर्धारण गर्छ । नीतिले निजी तथा सामुदायिक होमस्टे, कोसेलीघर, स्थानीय खानाका महोत्सव, ढाका तथा करुवा महोत्सव, चुकाउनी उत्सव, मगर खाना महोत्सव र अन्य सांस्कृतिक कार्यक्रमलाई पर्यटनसँग जोडेको छ । यसले स्थानीय उत्पादन र सेवालाई बजार प्रदान गर्नेछ । युवालाई पर्यटन उद्यमशीलतामा आकर्षित गर्न, स्थानीय जनशक्तिलाई तालिम दिन र स्वरोजगारी सिर्जना गर्न पनि मद्दत पुग्नेछ , नीतिले उपाय पनि सुझाएको छ । नीतिमा विशेष रूपमा उल्लेख गरिएको 'अष्टज' मोडेल पनि यस सन्दर्भमा महत्वपूर्ण छ । जल, जमिन, जंगल, जनशक्ति, जनावर, जराजुरी, जलवायु र जडिबुटीको उपयोग गरी घरेलु उद्यम प्रवर्द्धन गर्ने अवधारणाले पर्यटनलाई स्थानीय स्रोत र उत्पादनमा आधारित बनाउन खोजेको छ । त्यसैगरी विदेशमा रहेका नेपाली तथा अन्य जिल्लामा बसोबास गर्ने पाल्पालीलाई आफ्नो जन्मभूमिको विकासमा सहभागी गराउने 'एक पटकको पाल्पाली, सधैँको पाल्पाली' भन्ने भावना पनि आर्थिक तथा सामाजिक पुँजी परिचालनको महत्वपूर्ण आधार बनाउने लक्ष्य पनि लिएको छ । यसको अर्थ पर्यटन विकास सरकारको मात्र जिम्मेवारी होइन । स्थानीय व्यवसायी, घरधनी, किसान, युवा, महिला, सामाजिक संस्था र विदेशमा रहेका पाल्पाली सबैको साझा अभियान बनाउन खोजेको छ ।

७. पर्यटन प्रवर्द्धन र ब्रान्डिङ : तानसेनको कथा विश्व बजारसम्म

आजको पर्यटन प्रतिस्पर्धामा राम्रो गन्तव्य भएर मात्र पुग्दैन, त्यसको पहिचान र कथा विश्व बजारसम्म पुर्‍याउन सक्नुपर्छ । तानसेनसँग भन्न सकिने अनेकौँ कथा छन् । रानीमहलको प्रेमकथा, युद्धको गाथा, सेन राजाहरुको पहल, पाल्पाली ढाकाको सीप, करुवाको कला, पुरानो बजारको इतिहास, श्रीनगरको प्राकृतिक सौन्दर्य, भैरवस्थानको सांस्कृतिक परम्परा र रुरुक्षेत्रको धार्मिक महत्त्वलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सकिन्छ । नीतिले वेबसाइट, सामाजिक सञ्जाल, भिडियो, डिजिटल सामग्री, अनलाइन ट्राभल पोर्टल, गुगल म्याप, मोबाइल एप, डिजिटल टुर गाइड, क्यूआर कोड र स्टोरी टेलिङलाई पर्यटन प्रचारका माध्यमका रूपमा उपयोग गर्ने प्रस्ताव गरेको छ । वशेषगरी भारतीय पर्यटकलाई लक्षित गरी सम्भावित भारतीय शहरहरूमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने, पोखरा, लुम्बिनी, चितवन र काठमाडौँका पर्यटन व्यवसायीसँग सम्बन्ध विस्तार गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन सम्मेलनमा सहभागिता जनाउने रणनीति छ । विदेशी सञ्चारकर्मी, टुर अपरेटर, पर्यटन व्यवसायी र गाइडलाई पाल्पा भ्रमण गराउने सोच पनि महत्त्वपूर्ण छ । यसका लागि तानसेनको एउटा स्पष्ट अन्तर्राष्ट्रिय ब्रान्ड पहिचान आवश्यक छ । तानसेनलाई केवल Hill Station भनेर चिनाउनु पर्याप्त हुँदैन । यसको ऐतिहासिक, सांस्कृतिक र जीवित सहरी सभ्यताको पहिचानलाई केन्द्रमा राखेर ब्रान्डिङ गर्नुपर्छ भनेको छ ।

८. संस्थागत संरचना, लगानी र वित्तीय व्यवस्थापन

कुनै पनि नीति कार्यान्वयन गर्ने संस्थागत संरचना बलियो भएन भने त्यसको परिणाम आउँदैन । तानसेन पर्यटन नीतिले तानसेन पर्यटन बोर्ड अन्तर्गत पर्यटन कार्य समिति, वडा पर्यटन प्रवर्द्धन समिति, होमस्टे निर्देशन तथा व्यवस्थापन समिति र होटल, लज, रेस्टुरेन्ट तथा रिसोर्टको स्तर निर्धारण समितिजस्ता संरचनाको परिकल्पना गरेको छ । लगानीका लागि प्रत्येक पाँच वर्षमा लगानी सम्मेलन गर्ने, परियोजनाको सूची तयार गर्ने, सम्भाव्यता अध्ययन भएका परियोजना कार्यान्वयनमा ल्याउने, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारसँग सहकार्य गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । नीतिमा पर्यटनसम्बद्ध योजना तथा गतिविधिबाट प्राप्त आम्दानीको २५ प्रतिशत पर्यटन विकास कोषमा जम्मा गरी पुन: पर्यटन विकासमा लगानी गर्ने अवधारणा पनि समेटिएको छ । नीतिले सार्वजनिक निजि साझेदारी र सार्वजनिक निजि र समुदायको साझेदारीलाइ प्राथमिकता दिएको छ ।

९. अबको मुख्य चुनौती : नीतिलाई परिणाममा बदल्ने

तानसेन पर्यटन नीतिको सबैभन्दा ठूलो परीक्षा यसको दस्तावेजमा होइन, कार्यान्वयनमा हुनेछ । हाम्रो विगतको समस्या सम्भावना र योजनाको अभाव मात्र होइन, भएका योजनालाई निरन्तरता दिन नसक्नु पनि हो । त्यसैले अब पर्यटन विकासलाई घोषणामुखी होइन, परिणाममुखी बनाउन आवश्यक छ भन्ने संकल्प पनि गरेको छ । तानसेनको पुरानो बजार संरक्षण र विश्व सम्पदा सहरको सम्भावनालाई उच्च प्राथमिकतामा राख्दै नीतिले पर्यटनस्थल, होटल, होमस्टे, सूचना केन्द्र, गाइड, यातायात र सडकको नियमित अनुगमन गर्ने, मासिक प्रगति प्रतिवेदन लिने, पर्यटक संख्या र आम्दानीको तथ्याङ्क संकलन गर्ने तथा सुझावका आधारमा सुधार गर्ने व्यवस्था प्रस्ताव गरेको छ । यसलाई प्रभावकारी बनाउन वार्षिक पर्यटन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था पनि व्यवहारमा स्थापित गर्नुपर्छ । नागरिकले नीति कार्यान्वयनको अवस्था र पर्यटनबाट प्राप्त उपलब्धिबारे जानकारी पाउनुपर्छ ।

१०. निष्कर्ष : तानसेनको भविष्य पर्यटनमा, पर्यटनको भविष्य हाम्रो जिम्मेवारीमा

तानसेनसँग इतिहास छ, सम्पदा छ, संस्कृति छ, प्रकृति छ, मौलिक उत्पादन छ र सम्भावना पनि छ । अभाव छ भने यी सबै पक्षलाई एउटै विकास दृष्टिकोणमा जोड्ने प्रभावकारी कार्यान्वयनको । तानसेन पर्यटन नीति यही अभाव पूरा गर्ने एउटा महत्वपूर्ण प्रयास हो । यसले पर्यटनलाई होटल, रेस्टुरेन्ट र घुमफिरको सीमित परिभाषाबाट बाहिर निकालेर सम्पदा संरक्षण, स्थानीय अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, कृषि, खेलकुद, वातावरण, उद्यमशीलता र रोजगारीसँग जोडेको छ। अब तानसेनले आफ्नो विगतको गौरवको चर्चा गरेर मात्र पुग्दैन, त्यस गौरवलाई वर्तमानको आर्थिक समृद्धि र भविष्यको सम्भावनासँग जोड्नुपर्छ भन्ने निष्कर्ष निकालेको छ । नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष, पर्यटनको लाभ तानसेनका प्रत्येक वडा, प्रत्येक समुदाय र नागरिकको जीवनमा पुग्नुपर्छ रहेको छ । यसका लागि नगरपालिका नेतृत्व, पर्यटन बोर्ड, निजी क्षेत्र, नागरिक समाज, स्थानीय समुदाय र देशका अन्य भाग एवं विदेशमा रहेका पाल्पालीबीच साझा प्रतिबद्धता आवश्यक छ । नीतिवाट हामीले बुझ्नुपर्ने कुरा के हो भने पर्यटन विकासका लागि पर्यटकलाई निमन्त्रणा दिनुभन्दा पहिले पर्यटक स्वागत गर्न सक्ने वातावरण बनाउनुपर्छ । प्रचार गर्नुभन्दा पहिले उत्पादन र सेवा तयार गर्नुपर्छ न। लगानी माग्नुभन्दा पहिले लगानीयोग्य परियोजना तयार गर्नुपर्छ । अनि सपना देख्नुभन्दा पहिले सपनालाई कार्यान्वयन गर्ने संस्थागत क्षमता निर्माण गर्नुपर्छ । तानसेनको पर्यटन विकास कुनै एउटा सरकार, जनप्रतिनिधि वा पर्यटन व्यवसायीको मात्र अभियान होइन । यो तानसेनको पहिचान, पाल्पाको समृद्धि र भावी पुस्ताको भविष्यसँग जोडिएको साझा जिम्मेवारी हो । तानसेनले अब आफ्नो इतिहासमा गर्व गर्ने मात्र होइन, आफ्नो इतिहासलाई भविष्यको समृद्धिको आधार बनाउने समय आएको छ ।

(लेखक तानसेन सम्पदा संरक्षण समाजका अध्यक्ष समेत हुन् ।)

आज विश्व शहरीकरण दिवस मनाइँदै



पाल्पा, कार्तिक १३/ विश्वभर आज अक्टोबर ३१ तारिखका दिन विभिन्न कार्यक्रम गरी विश्व शहरीकरण दिवस मनाइँदैछ । दिगो सहरी विकास, व्यवस्थित बस्ती निर्माण, वातावरणमैत्री सहर तथा सहरी जीवनस्तर सुधारका विषयमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाउने गरिन्छ ।

तीव्र रूपमा बढिरहेको सहरीकरणसँगै अव्यवस्थित बसोबास, ट्राफिक जाम, वायु प्रदूषण, फोहोरमैला व्यवस्थापन, खानेपानीको अभाव तथा पूर्वाधार विकासजस्ता चुनौती बढ्दै गएका छन् । यस्ता समस्याको समाधान गर्दै सुरक्षित, समावेशी, व्यवस्थित र दिगो सहर निर्माण गर्नुपर्ने आवश्यकतालाई दिवसले जोड दिँदै आएको छ । संयुक्त राष्ट्रसैले सन् २०१३ मा अक्टोबर ३१ लाई विश्व शहरीकरण दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । त्यसयता विश्वभर विभिन्न कार्यक्रम, छलफल तथा जनचेतनामूलक गतिविधि सञ्चालन गरी यो दिवस मनाइँदै आएको छ । नेपालमा पनि तीव्र सहरीकरणसँगै सहरी पूर्वाधार, सडक, ढल निकास, खानेपानी, सरसफाइ, हरियाली क्षेत्र र सार्वजनिक सेवाको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ ।

विशेषगरी योजनाबिनाको बस्ती विस्तार र जनसङ्ख्याको बढ्दो चापले सहरको दिगो विकासमा चुनौती थपेको छ । विश्व शहरीकरण दिवसले सहरलाई केवल भौतिक संरचनाको विकासमा सीमित नराखी नागरिकमैत्री, वातावरणमैत्री, सुरक्षित र आर्थिक रूपमा सबल बनाउनुपर्ने सन्देश दिएको छ। दिगो भविष्यका लागि स्थानीय तह, सरकार, निजी क्षेत्र र नागरिकबीच सहकार्य आवश्यक रहेको सरोकारवालाहरूले जोड दिँदै आएका छन् । व्यवस्थित सहरी योजना, प्रभावकारी नीति तथा नागरिक सहभागितामार्फत मात्रै दिगो र बस्नयोग्य सहर निर्माण गर्न सकिने भएकाले यस दिवसले सहरी विकासप्रति सबैको ध्यानाकर्षण गराएको छ । साधारणतया ग्रामीण र शहरी भनेर मानिसले बसोबास गर्ने क्षेत्रलाई विभाजन गर्ने प्रचलन छ । तुलनात्मक रूपमा भौतिक सुविधा प्राप्त हुने क्षेत्र शहर हो भने त्यसको विहीनता ग्रामीण क्षेत्र हो । सुरुमा सारा विश्व गाउँ थियो भने अहिले विश्वको शहरीकरण हुँदैछ । नेपालमा पनि शहरीकरणको प्रभाव र परिणाम तीव्ररूपमा देखिन थालेका छन् । २००७ को परिवर्तनपछि शहरीकरणले आकार लिएको भएपनि पछिल्ला दशकमा यसले तीव्रगति लिएको छ ।

खेलकुद समाचार

२१ वर्षपछि पाकिस्तानमा इङ्ग्ल्याण्डको पहिलो जीत

काठमाडौं, कार्तिक १३/इङ्ग्ल्याण्डले २१ वर्षपछि पहिलो पटक पाकिस्तानी भूमिमा एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा जीत हासिल गरेको छ । त्रिदेशीय शृङ्खलाअन्तर्गत लाहोरमा भएको खेलमा इङ्ग्ल्याण्डले श्रीलङ्कालाई ५५ रनले हराएको हो ।

इङ्ग्ल्याण्डले दिएको ३८७ रनको लक्ष्य पछ्याएको श्रीलङ्काले ४५ ओभर १ बलमा सबै विकेट गुमाएर ३३१ रन बनायो । श्रीलङ्काका पावन रत्नायकेले ११८, कप्तान कुशल मेन्डिसले ८९ रन बनाए । इङ्ग्ल्याण्डका लियाम डसनले ४ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको इङ्ग्ल्याण्डले ५० ओभरमा ५ विकेट गुमाएर ३८६ रन बनाएको थियो । इङ्ग्ल्याण्डका बेन डकेटले १६७, टम बान्टनले ७४ रन बनाए । श्रीलङ्काका असिथा फर्नान्डोले २ विकेट लिए । सन् २००५ यता पाकिस्तानमा इङ्ग्ल्याण्डको यो पहिलो जीत हो । पाकिस्तान भ्रमणमा रहेको इङ्ग्ल्याण्डले त्यति बेला एकदिवसीय शृङ्खलाको पाँचौं खेलमा घरेलु टोलीलाई ६ रनले हराएको थियो । त्रिदेशीय श्रीलङ्कामा यसअघिका लगातार तीन खेल हारेको इङ्ल्यान्डको यो सान्त्वना जीत हो । तालिकाको शीर्ष स्थानमा रहेको पाकिस्तान र दोस्रो स्थानमा रहेको श्रीलङ्काले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । फाइनल खेल आज हुनेछ ।

अर्थ/कर्पोरेट समाचार

सुन-चाँदीको मूल्य घट्यो

पाल्पा, कार्तिक १३/ शुक्रबार सुन-चाँदीको मूल्य घटेको छ । सुन तोलामा ३ हजार २०० र चाँदी १०५ रुपैयाँले घटेको हो ।

नेपाल सुन-चाँदी व्यवसायी महासंघका अनुसार यस दिन छापावाल सुन प्रतितोला २ लाख ८० हजार ३०० र त्यति नै परिमाणको चाँदी ३ हजार ८२५ कायम भएको छ । बिहीबार छापावाल सुन प्रतितोला २ लाख ८३ हजार ५०० र चाँदी ३ हजार ९३० रुपैयाँमा कारोबार भएको थियो । सुनको अघिल्लो दिनको तुलनामा १.१३ प्रतिशतले घटेको हो । सोही अवधिमा असली चाँदी एक तोलामा रु ३,८२५ रहेको छ, जुन अघिल्लो भन्दा २ दशमलव ६७ प्रतिशतले घटेको छ । दस ग्रामको भाउ हेर्दा छापावाल सुन रु २४०,३१० र असली चाँदी रु ३,२८० रहेको छ । सुन र चाँदीको मूल्य अन्तर्राष्ट्रिय बजार, अमेरिकी डलरको विनिमय दर र स्थानीय माग-आपूर्तिबाट प्रभावित हुने गर्छ । त्यसैले गहना वा लगानीको लागि किन्नु अघि ग्राहकहरूले नजिकैको आधिकारिक व्यवसायीसँग ताजा भाउ सोधेर मात्र निर्णय गर्न सुझाव दिइन्छ । बजार विज्ञहरूका अनुसार सुन र चाँदीको भाउमा दैनिक परिवर्तन हुनु सामान्य हो । एक दिनको उतारचढावले दीर्घकालीन प्रवृत्ति देखाउँदैन, त्यसैले लगानीकर्ताहरूले यस्ता दैनिक परिवर्तनलाई मात्र आधार बनाएर ठूलो निर्णय नगर्न आग्रह गरिएको छ ।

छुट्टाछुट्टै सवारी दुर्घटनामा चार...

...दुर्घटनामा गम्भीर घाइते भएका उनको सिद्धार्थनगर सिटि अस्पताल भैरहवामा थप उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

गाडी चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै तनहुँको शुक्लागण्डकी नगरपालिका-४ पञ्चमुनी चोकस्थित सडकमा पनि स्कारपियोको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । दमौलीबाट पोखरातर्फ जाँदै गरेको गण्डकी बिएए १४८४ नम्बरको स्कारपियोको ठक्करबाट पैदलयात्री सोही नगरपालिका-४ गाछेपानी बस्ने ३६ वर्षीया सबिना गुरूङको बिहीबार बेलुकी मृत्यु भएको छ । ठक्कबाट गम्भीर घाइते भएकी उनको मणिपाल अस्पताल पोखरामा थप उपचारको क्रममा मृत्यु भएको हो । स्कारपियो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

गुल्मीका गाउँमा मौलिक...

...यसैगरी, सदरमुकाम तमघास नजिकै रेसुङ्गा नगरपालिका-१३ स्थित भँगारीमा रहेको रेसुङ्गा होमस्टेमा पनि पर्यटकको चहलपहल बढ्दो छ । स्थानीय जातका कुखुराको मासुका परिकार, स्थानीय दालको बटुक, रोटी, सिस्नुको साग, बिरम्ला, भुटेको मकै, टिमुरको छोप, मोही, कोदोको ढिँडो तथा स्थानीय विभिन्न प्रकारका अर्ग्यानिक परिकारहरू होमस्टेमा उपलब्ध हुने सञ्चालक यज्ञ थापाले बताए । यस्तै, सत्यवती गाउँपालिका-३ स्थित ठूलो लुम्पेकको सामुदायिक होमस्टे, मुसिकोट नगरपालिका-६ स्थित स्वाँरामा रहेको गुरुङ सामुदायिक होमस्टे र चन्द्रकोट गाउँपालिका-४ रेमीमा रहेको तिमुरे सामुदायिक होमस्टेमा पनि अर्ग्यानिक खानासहित स्थानीय परिकार उपलब्ध छन् । ती होमस्टेमा स्थानीय खानासँगै पाहुनाहरुको माग भएमा सांस्कृतिक प्रस्तुति पनि हुने गरेको पाइन्छ । होमस्टेमा ग्रामीण क्षेत्रको रहनसहन, स्थानीय खाना र मौलिक संस्कृतिको स्वाद लिन पाइने भएकाले पर्यटकको पहिलो रोजाइ होमस्टे नै हुने गरेको रानीवन सामुदायिक होमस्टेका सञ्चालक नर बुढाथोकी बताउँछन् । पछिल्लो समय स्थानीय मेला, पर्व तथा विभिन्न औपचारिक कार्यक्रमका समयमा होमस्टेमा पाहुनाको चाप अझ बढ्ने गरेको छ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई